क्होलासोथार गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०३ संख्याः ०४ मितिः २०७६/११/२८

**भाग-२**

**क्होलासोथार गाउँपालिका**

## "कृषि तथा पशुपन्छि आधुनिकरण परियोजना कार्यन्वयन कार्यविधि २०७६"

सभाबाट पारित मितिः २०७६/११/२८

बढ्दो बेरोजगारी र मुलुकबाट युवाहरु पलायन हुने समस्यालाई सम्बोधन गर्न तथा युवाहरुलाई कृषिमा आकर्षित गर्न व्यावसायिक तरकारी, पशुपन्छी पालन, जडिबुटी, तरकारी तथा फलफूल खेती, दुध व्यवसाय, मस्यपालन, च्याउ खेती, जडिबुटी उत्पादन लागि वित्तीय स्रोतको परिचालन गर्दै निर्वाहमुखी कृषि प्रमाणीलाई आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी व्यक्ति तथा समुदाय र गाउँपालिकाको आर्थिक स्थिति सुधिरिकरण गर्नका लागि क्होलासोथार गाउँपालिकाले यस कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम " कृषि तथा पशुपन्छि आधुनिकरण परियोजना कार्यन्वयन कार्यविधि २०७६" रहेको छ ।

ख. यो कार्यविधि क्व्होलासोथार गाउँपालिका गाउँ सभाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२.परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि :

क) "कृषि तथा पशुपन्छी व्यवसाय" भन्नाले तरकारी उत्पादन,बिउ बिजन उत्पादन, पुष्प व्यवसाय, पशुपंक्षीपालन,अष्ट्रिज, टर्की र हाँस पालन सोको मासु तथा अण्डा उत्पादन ,फलफूल उत्पादन,दुग्ध उत्पादन, मत्स्यपालन, च्याउ उत्पादन, जडीबुटी उत्पादन, उखु खेती ,चिया खेती, कफी खेती, अलैचीखेती, अदुवाखेती, बेसारखेती, सूर्यमुखीखेती, अल्लो उत्पादन, लोक्ता खेती, मौरी पालन व्यवसाय, जौ, फापर, सिलाम, उत्पादन।

ख) फर्म भन्नाले कम्तिमा ३ रोपनी जमिन भएको उन्नत प्रविधियुक्त कृषि तथा पशुपन्छि फर्म जसको आम्दानीले कम्तिमा पनि परिवारलाई आत्मनिर्भर बनाउने गरि व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षीजन्य उत्पादनको लागि स्थापना गरिएको फर्म सम्झनुपर्छ र सो शब्दले कृषि,पशुपंक्षी तथा मत्श्यसंग सम्बन्धित छुट्टाछुट्टै बालि बस्तु वा दुई भन्दा बढी बालि वा बस्तुको एकीकृत रुपमा संचालन गरिएको उत्पादनमुलक फर्मलाई समेत सम्झिनु पर्दछ ।

ग) उन्नत प्रविधियुक्त कृषि फर्म भन्नाले साधन श्रोत र प्रविधिको व्यवस्थित रुपमा प्रयोग भएको कृषि फर्म सम्झनु पर्दछ ।

घ) आवेदक भन्नाले फर्म स्थापना लागि अनुदान सहयोग लिन गाउँपालिका /वडा कार्यालय समक्ष आवेदन दिएका कृषि फर्म, कृषि सहकारी, कृषि कम्पनि, कृषि समूह लाई समेत जनाउछ ।

ङ) स्थानीय तह भन्नाले क्व्होलासोथार गाउँपालिका लाई सम्झिनु पर्दछ ।

३.उदेश्य कार्यक्रम संचालनको: यस कार्यविधि अनुसार संचालित कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

क) कृषि तथा पशुपंक्षीजन्य बस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरि कृषक परिवारलाई स्वरोजगार एवम् व्यवसायिक रुपमा आत्मनिर्भर बनाउने ।

ख) कृषि तथा पशुपंक्षी क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्दमशिलता प्रवद्धन गर्ने ।

ग) फर्म सम्बन्धि ज्ञान,सिप र प्रविधिको प्रचार प्रसार गरि कृषि तथा पशुपंक्षी क्षेत्रमा संलग्न कृषकहरुको क्षमता अभिवृद्धि गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन विधि

४. कार्यक्रम संचालन :

क) यो कार्यक्रम क्व्होलासोथार गाउँपालिका वा कृषि सेवा शाखा , पशु सेवा शाखा वा वडा कार्यालय मार्फत संचालन हुनेछ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणबस वडा कार्यालय बाट कार्यक्रम संचालन गर्ने नसकिने भएमा सम्बन्धित स्थानीय तहको पशु , कृषि शाखा बाट संचालन गर्ने सकिनेछ ।

५. प्रस्ताव माग गर्ने :

क) फर्म स्थापना तथा संचालनमा सहयोग पुर्याउन अनुदान दिने उदेश्यले गाउँपालिका तथा वडा बाट १५ दिने म्याद मार्फत प्रस्ताव आव्हान गरि अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ साथै उक्त सूचना गाउँपालिकाको सूचनापार्टी र अन्य विधुतीय सूचनाक माध्यमबाट समेत प्रकाशन गर्नु पर्नेछ ।

ख) उपदफा (१) बमोजिम आएका आवेदकले अनुसूची २ बमोजिम निवेदनको साथ देहायबमोजिमका कागजातहरु पेश गर्नुपर्दछ ।

१. माग निवेदनको साथ फर्म वा संस्था गाउँपालिकाको कृषि/पशु सेवा शाखामा दर्ता भएको प्रमाण पत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको एक/एक प्रति ।

२. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सहयोग नभएको वा विगतमा के कति अनुदान सहयोग उपलब्ध बाहेक छ सो को जानकारी खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको वडा बाट सिफारिस पत्र ।

३.समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले फर्म स्थापनाको लागि सहयोग माग गर्नका लागि गरेको निर्णयको प्रतिलिपि ।

४.आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुसूची ३ बमोजिम परियोजना प्रस्ताव।

५. आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा ५ बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज ।

ग) नयाँ उद्यमी, फर्म, कम्पनि, समूह तथा कृषि सहकारी भएको खण्डमा प्रस्ताव दर्ता गराउने अन्तिम म्याद अगाव दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ ।

६) प्रस्ताव संकलन : दफा ५ बमोजिम पेश भएका कृषि, पशु फर्म सम्बन्धि प्रस्तावहरु गाउँपालिका बाट अनुदानका लागि गाउँपालिकामा र वडाबाट अनुदानका लागि वडामा दर्ता गराउन सकिने छ ।

७) प्रस्तावको बर्गिकरण र छनौट :

१) गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार र प्रस्तावको बढीमा ५०% रकम अनुदान दिने गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

८) समितिः

कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको मुल्यांकन गर्न तथा कार्य अनुगमनका लागि गाउँपालिका र वडाले देहाय बमोजिमको ५-५ सदस्यीय समिति गठन गर्नेछ ।

**गाउँपालिका स्तरीय समिति**

गाउँपालिका अध्यक्ष ----- संयोजक
पशु/कृषि विभाग प्रमुख ---- सदश्य
कृषि शाखा प्रमुख -----सदश्य
पशु शाखा प्रमुख ---- सदश्य
प्रमुख प्रशासकीय अधिकृत ----- सदश्य सचिव

**वडा स्तरीय समिति**

वडा अध्यक्ष ----- संयोजक

वडा महिला सदश्य ----- सदश्य

गाउँपालिका कृषि सेवा शाखा प्रतिनिधि --- सदश्य

गाउँपालिका पशु सेवा शाखा प्रतिनिधि --- सदश्य

वडा सचिव ----- सदश्य सचिव

९.मुल्याङकनको आधार

क. दफा ८ मा गठित समितिले दफा ५ बमोजिम प्राप्त निवेदनहरुलाई अनुसुचि ४ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहायबमोजिमका आधारहरुमा मूल्यांकन गरि कृषि/पशु सेवा शाखा समक्ष सिफारिस गर्नुपर्ने छ तर अनुसूचि ४ अनुसार मापदण्ड नपुगेका र प्रस्तावित अनुदान रकम बरावरको अनुदान सहयोग विगतका वर्षहरुमा सरकारी तथा गैरसरकारी संस्थाबाट पाईसकेका आवेदकहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

| क.स. | मुल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| क) | मोडल फर्म स्थापना गर्ने प्रस्तावित जमिनको उपयुक्तता (जम्मा १० अंक )<br>१) पर्याप्त तथा उपयुक्त जमिन भएका<br>२) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको<br>३) अपर्याप्त तर उपयुक्त जमिन भएको<br>४) अपर्याप्त तथा अनुपयुक्त जमिन भएको | १० |
| ख) | मोडल फार्म स्थापना गर्ने ठाँउमा प्राकृतिक स्रोत र अन्य पुर्वाधारके उपलव्धता (पूर्वाधार भन्नाले सडक, सिचाई, विद्युत, बजार आदि लाई बुझाउदछ ।)<br>१) अनुकुल हावापानी र सम्पुर्ण पुर्वाधारको सुविधा भएको<br>२) अनुकुल हावापानी भएको तर कुनै एक पुर्वाधारको सुविधा नभएको<br>३) प्रस्तावित व्यावसायको लागि अनुकुल हावापानी रहेको तर पुर्वाधार नभएको | १० |
| ग) | आवेदकले पेश गरेको व्यवसायिकताको योजना (जम्मा १० अंक)<br>१) आबेदनमा पेश गरेको कार्यक्रम तथा क्रियाकलापसँग मेल खाने योजना पेश गरेको नयाँ व्यवसायी<br>२) आवेदनमा पेश गरेको कार्यक्रम तथा क्रियाकलापसँग मेल खाने व्यवसाय विस्तार गर्ने योजना पेश गरेको<br>३) सामान्य कृषि क्रियाकलाप उल्लेख गरी कनै व्यवसायिक योजना पेश नगरेको | १० |
| घ) | आवेदकको शिक्षा, ज्ञान, सीप, क्षमता ( जम्मा १० अंक)<br>१) शिक्षित, प्रविधिक ज्ञान भएको | १० |

| | | |
|---|---|---|
| | २) तालिम, सीप क्षमता भएको<br>३) सामान्य अनुभव भएको | |
| ङ) | प्रस्तावकको मुख्य पेशा कृषि (जम्मा १० अंक)<br>१) प्रस्तावककोपरिवारका सबै सदस्य कृषि व्यवसायमा मात्र आश्रित<br>२) कुनै एक सदस्य अन्य आयमुलक पेशामा संलग्न<br>३) दुई वा दुई भन्दा बढी सदस्य अन्य आयमुलक पेशामा संलग्न | १० |
| च) | प्रस्तावकको मोडल फार्ममा पेशागत प्रविधि प्रयोग (जम्मा १० अंक)<br>१) उन्नत कृषि प्रविधि सहित लगानी गर्न सक्ने क्षमता भएको<br>२) आर्थिक लगानी गर्ने क्षमता कम तर उन्नत प्रविधि अनुसरण गर्ने ईक्षा | १० |
| छ) | रोजगारी सृजना गर्न सक्ने क्षमता (१० अंक)<br>१) दश जना वा सो भन्दा बढी रोजगारी सृजना गर्न सक्ने<br>२) पाँच देखी दश जना सम्म रोजगारी सृजना गर्न सक्ने<br>३) पाँच वा कम संख्यामा रोजगारी सृजना गर्न सक्ने | १० |
| ज) | वैदेशिक रोजगार सम्बन्धित (१० अंक)<br>१) वैदेशिक रोजगारी त्यागेर फर्केको कृषक<br>२) स्वदेशमै बसेर कृषि कर्म गर्ने कृषक | १० |
| झ) | हालसम्म अनुदान सहयोगको अवस्था (१० अंक)<br>१) हाल सम्म कुनै अनुदान नलिएको<br>२) १ लाख भन्दा कम<br>३) १ लाख भन्दा बढी ३ लाख सम्म<br>४) ३ लाख भन्दा माथि ५ लाख सम्म<br>५) ५ लाख भन्दा माथि | १० |
| ञ) | लगानी सुनिश्चित्ता (१० अंक)<br>१) प्रस्तावित योजना स्थलको प्रविधिक अध्ययन विश्लेषण गर्दा लगानी सुनिश्चित हुने दखिएको<br>२) प्रस्तावित योजना स्थलको समग्र प्रविधिक अध्ययन विश्लेषण गर्दा लगानी सुनिश्चित्ता हुने नदेखिएको | १० |
| | जम्मा | १०० |

पुनश्चः मूल्याङकनको क्रममा न्यूनतम ५० अंक भन्दा बढी अंक प्राप्त गरेका आबेदकहरुलाई मात्र छनौटको लागी सिफारीस गर्नुपर्नेछ । वडामा कम्तिमा एक जना आवेदक छनौटका लागि सिफारीस गर्नुपर्नेछ । कारणबस कुनै वडाबाट प्रस्ताव पेश नभएमा गाँउपालिकाले सम्बन्धित वडा सँग समन्वय गरी संचालन गर्न सक्नेछ । साथै समान अंक प्रास गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकालाई प्राथामिकता दिइनेछ ।

ख.उपदफा (१) बमोजिमका आधारहरु दफा ५ बमोजिम सार्बजनिक सूचना प्रस्ताव आव्हान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्ने छ ।

ग.मुल्यांकन गर्नुभन्दा पहिला समितिका सदस्यले आवेदकले प्रस्ताव गरेको परियोजना स्थलको स्थलगत अनुगमन गर्नुपर्ने छ ।

घ.समितिले मूल्यांकन गरि अधिकतम अंक हासिल गरेका प्रस्तावकहरुलाई छनौटको लागि अध्यक्ष /प्रमुख प्रशासकीय अधिकृत  लाई सिफारिस गर्नेछ ।

ङ. सिफारीस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार गाउँपालिकाको कार्यालय लाईहुनेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम सम्बन्धित कृषि/पशु सेवा केन्द्रले गर्नेछ ।

## परिच्छेद ३

## साझेदारी र अनुदान प्रवाह

१०.लागत इष्टिमेट सम्झौता

क. प्रस्ताव छनौट पश्चात अनुदानग्राहीले प्रस्ताव बमोजिम फार्म स्थापनाको लागि सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि पेश गर्नुपर्ने छ ।

ख. लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको २ प्रतिशत रकम कन्टीन्जेन्सी स्वरुप राख्न सकिनेछ । उक्त २ प्रतिशत रकम अनुगमन, मुल्यांकन तथा प्रशासनिक कार्यमा प्रयोग गर्न सकिनेछ ।

ग. स्वीकृत इष्टिमेटको आधारमा गाँउपालिका र अनुदानग्राही बीच अनुसुची ५ बमोजिमको सम्झौता गरिनेछ ।

११.अनुदान रकम र भुक्तानी प्रक्रिया

क. फार्म स्थापनाको लागि दफा ७ (१) को तालिका अनुसार गाउँपालिकाले गरेको निर्णय बमोजिम अनुदान रकम तोकिनेछ । अनुदानग्राहीले अनुदान बाहेकको खर्च आफै जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

ख. सम्वन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्यप्रगतिको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खातामार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

ग. साझेदारी कार्यक्रम सम्पन्न भई सकेपछि सोको सञ्चालन एवं व्यवस्थान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीले हुनेछ ।

घ. अनुदानग्रनहीले कम्तिमा ५ बर्षसम्म अविछिन्न रुपमा प्रस्ताव एवं सम्झैता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

ङ. अनुदानग्राहीले आफ्नो व्यवसायको अनिवार्य रुपमा बिमा गर्नु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन र विविध

१३.अनुगमन तथा मूल्यांकनः

क.अनुगमन निरीक्षणको मुख्य जिम्मेवारी वडा कार्यालयको हुनेछ। गाउँपालिका, कृषि तथा पशु सेवा गाउँपालिकाले सम्बन्धीत वडाको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याङकन गर्नेछ ।

ख.अनुगमन निरीक्षणको प्रतिवेदन वडा तथा अनुगमन समितिले २ महिनामा १ पटक गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ग.वडा तथा गाउँपालिका अनुगमन समितिले अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

घ.उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तब्य हुनेछ । साथै अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

ङ.अनुदानग्राहीले अन्तिम भुक्तानी माग्नु पुर्व संचालित परियोजना/अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

च.सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई सम्बन्धित निकायले अनुदान रकम रोक्का गर्न सक्नेछ । यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

१४.बाधा अडकाउ फुकाउ यस कार्यविधी कार्यान्वियन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण गाउपालिकाले गर्नेछ ।

१५.यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम तथा अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

१६.संशोधनः यो कार्यविधि गाउँपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

१६.बचाऊः यो कार्यविधि स्वीकृत गर्नुभन्दा अघि गाउँपालिकाले कृषि/पशुपंक्षी फार्म स्थापनामा गरेको अनुदान वितरण यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची १ : मोडल फार्म स्थापना कार्यक्रम सञ्चलानको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

**क्व्होलासोथार गाउँपालिका**

**कृषि/पशु सेवा शाखा**

**कृषि, पशुपन्छी तथा मत्स्य फार्मको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७/......./.......

यस गाउँपालिका वा अन्तर्गतका निकाय द्धारा आ.ब. २०७ /......../.......... मा सञ्चालन गरिने कृषि/पशुपन्छी तथा मत्स्य मोडेल फार्म स्थापना सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ देहाय बमोजिमको पशु तथा कृषि फार्मको किसिममा रहेर फार्म सञ्चालन गर्न ईच्छुक क्व्होलासोथार गाउँपालिका भित्रका कृषि/पशु सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मिनिले १५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित शाखा/वडा कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| आवश्यक कागजातहरु | कैफियत |
|---|---|
| • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु ।<br>• कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था संञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।<br>• कुनै सरकारी/ गै.स.स. साथै सम्बन्धित वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।<br>• सम्बन्धित वडामा कृषक वर्गिकरण फारम भरी सूचिकृत भएको हुनुपर्ने ।(कृषक वर्गिकरण नभएको हकमा यो बुँदा लागु नहुने) | १. प्रस्तावित परियोजनाको पहिलो बर्ष लागत रकम कम्तीमा रु ५ लाख हुनुपर्नेछ ।<br>२. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा सामुहिक उत्पादन फार्म हुनुपर्नेछ । |

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस गाउँपालिका बाट तयार गरिएको निर्दिष्ठ ढाँचामा पेश गर्नुपर्नेछ । निवेदन र परियोजना प्रस्तावको ढाँचा यस गाउँपालिकाको केन्द्र बाट वा वडा कार्यालयबाट वा सम्बन्धित कृषि सेवा शाखा तथा पशु सेवा शाखा केन्द्रबाट पनि माग गर्न सकिनेछ ।

**अनुसूचि २ : मोडल फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन**

मितिः ................................
श्रीमान प्रमुख ज्यू
कृषि/पशु  सेवा शाखा
क्व्होलासोथार गा.पा,लमजुङ ।

विषयः मोडेल फार्म सञ्चालनका लागि अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा क्व्होलासोथार गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाट सुचना प्रकाशित भए अनुसार फार्म स्थापना सहयोग कार्यक्रम संचालनका लागि यसैसाथ संलग्न परियोजना प्रस्तावमा उल्लेख भए अनुसार फार्म स्थापना वा संचालनका लागि आवश्यक अन्य कागजातहरु सहितको बार्षिक योजना जम्मा रु.............................. अक्षेरुपी ............................................................ प्रस्ताव तयार पारी नियमानुसार अनुदान सहयोगको लागि आवेदन पेश गरेको छु । तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु

१. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा गत आ.ब. को लेखापरिक्षण प्रतिवेदन प्रतिलिपि
२. निर्दिष्ट फर्मेट अनुसार परियोजना प्रस्ताव
३. संस्था सञ्चालक समितिको बैठक निर्णयको फोटोकपी
४. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोर्ट डकुमेन्ट भए सो समेत
५. सम्बन्धित वडाको कृषक वर्गिकरण फारम भरि सूचिकृत भएको हुनुपर्ने ।
६. सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारसिपत्र

छाप

निवेदकको
हस्ताक्षर
नाम
ठेगाना
मोवाईल नं

**अनुसूचि ३ : मोडल फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना**
**मोडल फार्म परियोजना प्रस्ताव**
**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः**

| | |
|---|---|
| आवेदक नामः | |
| पूर्ण ठेगाना (पत्राचारको लागि): | |
| संस्था संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नामः | |
| मोबाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| क्व्होलासोथार गा.पा बाट माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोला । | |
| प्रस्तावना पेश हुने कार्यालयको नाम | |

## २. कृषि व्यवसायको हालको अवस्था

तालिकाः ................................................... को हालको व्यवसायको अवस्था

| क.स. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

३. प्रस्तावनाको औचित्य तथा महत्वः

४. अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन् ।

- व्यवसायको आकारः
- बार्षिक उत्पादनः
- बार्षिक जम्मा आम्दानीः
- रोजगारी सिर्जनाः

५.परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यक अनुसार महल थप गर्नुहोस | | | | | | |

- फर्मले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-

६.खर्च विवरण

क.स्थिर खर्चको विवरण

कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व संचालन खर्च आदि।

| क.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यक अनुसार महल थप गर्नुहोस | | | | | |

ख.चालु खर्चको विवरण( एक वर्षको लागि)
कामदार, मल, बिउ, दाना, घास व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि

| क.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

| क.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यक अनुसार महल थप गर्नुहोस। | | | | | |

७.लागत साझेदारी

तालिकाः लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क.स. | विवरण | जम्मा खर्च रु. | परियोजनाको पहिलो वर्षको | अनुदान उपलब्ध | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|---|

| | | | (रु.) | गराउने संस्थाको (रु.) | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यक अनुसार महल थप गर्नुहोस। | | | | | |

**अनुसूचि ४: मोडेल संचालन गर्न सकिने विषय क्षेत्र र न्युनतम मापदण्ड**

क. तरकारी उत्पादनः

कम्तीमा ५ रोपनी वा १००० वर्गमिटर क्षेत्रफलको ग्रीन हाउस वा प्लाष्टिक घरभित्र गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन गर्ने दिगो व्यावस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

ख. फलफुल उत्पादन:

कम्तीमा ७ रोपनी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल आप, केरा, भुईकटहर, लिच्ची, मेवा कागती ,अमाल ,सुन्तला, लिचि  र अन्य उपयुक्त फलफुल बालि उत्पादन कार्यक्रम सम्बन्धी दिगो  व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ग.दुग्ध उत्पादन:

कम्तीमा २ रोपनी जमिनमा घांस, डाले घांसको पूर्वाधार सहित उन्नत नश्लका  कम्तीमा १० वटा दुधालु गाई वा भैसी पालन र उत्पादित दुध विक्रिका लागि बजारको पहुंच र दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

घ.भेडा तथा बाख्रा पालन :

कम्तीमा २ रोपनी जग्गामा घांस, डालेघांसको पुर्वाधार सहित उन्नत नश्ल का कम्तीमा ३८ वटा माउ र उन्नत नश्लका २ बोकापालन र दिगो व्यवस्थापन  सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ङ.बंगुरपालन/पाडापालन

उन्नत नश्लका कम्तीमा १५ वटा बंगुर वा भैंसीका पाडा पालन र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

च.कुखुरा एंव पंक्षिपालन

मासु वा अण्डा उत्पादनका निमित्त कम्तीमा पाँच सय लेयर्स वा कम्तीमा एक हजार ब्रोइलर कुखुरा वा अन्य पंक्षि पालनका लागिदिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

छ. माछापालन

हावा पानी सुहाउदो ट्राउट माछा ३०० वर्ग मिटर क्षेत्रफलको रेसवे र कार्प वा अन्य प्रजाती- पोखरी निर्माणमा कम खर्चिलो, पानी नसोस्ने र पानीको निकास भएको कम्तीमा ३ रोपनी जमिनको पोखरी सहित आवश्यक प्रविधि उत्पादन र बजार मुल्य श्रृंखलाको आधार र दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ज.कफी तथा चिया:

कम्तीमा १० रोपनी जमिनमा अर्गानिक कफि तथा चिया उत्पादन र बजार मुल्य श्रृखलाको आधार एंव दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

झ.च्याउ उत्पादन

कम्तीमा वार्षिक १५० के.जि. कन्ये वा ग्रोब्रे च्याउ बिउ र कम्तिमा ५०० मुडामा सिताके च्याउ बिउको प्रयोग गरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एंवदिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ञ.मौरीपालन

कम्तिमा ५० वटा आधुनिक मौरिघारको प्रयोग गरि सिफारिस प्रविधि अनुसार मौरिपालन गरि मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एंवदिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ट.खाद्यान्न, दलहन र तेलहनः

कम्तिमा २० रोपनी जमिनमा धान, मकै, गँहु, मास, मुसुरो, चना, रहर, तोरी, बदाम आदि बालीहरुको उत्पादन कार्यक्रम सम्बन्धि दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ठ.अन्य बालि तथा वस्तुहरु

तरकारी बालीको बिउ उत्पादन, पुष्प उत्पादन, लसुन ,अदुवा, बेसार र अन्य मसलाजन्य वा नगदेबालीहरु व्यवसायिक रुपमा कम्तिमा ५ रोपनी भन्दा बढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ड.एकीकृत व्यवसाय

कम्तीमा बार्षिक संचालन खर्च रु.१० लाख लागत अनुमान भएको माथि क देखि ट सम्म उल्लेखित कुनै २ वा ३ वटा बस्तुको एकीकृत उत्पादन र बजार मुल्य श्रृखलाको आधार एंव दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

**अनुसूची ५: मोडेल फार्म स्थापनाको लागि सम्झौता पत्रको नमूना**
**सम्झौता पत्र**

श्री........................................................................................(यस पछी पहिलो पक्ष भनिने) र ...........................जिल्ला........................................................ पालिका वडा न.....................को ..........................................स्थानमा स्थापना भएको श्री................................का प्रोपाइटर वा अध्यक्ष (यस पछि दोस्रो पक्ष भनिने ) बिच सहकारी/सहकार्यमा आ.व.२०७ / / को स्वीकृत फार्म स्थापना सहयोग कार्यक्रम क्व्होलासोथार गाउँ पालिका वडा नं.....मा संचालन गर्न तपशिल बमोजिमका शर्तहरु अधिनमा रहि यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

तपशिलः

१.यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२.दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार.............व्यवसाय................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा संचालन गरेको हुनु पर्नेछ। यसरी स्थापना गरिने मोडेल फार्मको कुल लागतको बढीमा .........प्रतिशतले हुन आउने रु. ............ अक्षेरुपी................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

३.कार्यप्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम बढीमा ३ किस्तामा उपलब्ध गराउने छ।

४.लागत ईष्टिमेट अनुसार क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफैं संचालन गर्नुपर्नेछ।

५.सम्झौता भएको मितिले १५ दिनभित्र मोडेल फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ।यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्ध हुनेछ।

६.दोश्रो पक्षले यहि २०७.....साल.............महिना..............गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

७.दोश्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाइने छैन।

८.दोश्रो पक्षले कार्यक्रम संचालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरि सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ।

९.यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमाजिम लागू हुनेछ।

प्रथम पक्षको तर्फबाट

दोस्रो पक्षको तर्फबाट

नाम, थरः
पदः
संस्थाको नाम र छापः
मितिः

नाम, थरः
पदः
संस्थाको नाम र छापः
मितिः

**अनुसूचि ६ उपलब्धि अनुगमन सूचक**

१. कृषकको नाम, ठेगानाः २.कृषक परिचय पत्र नं.

३.व्यवसायः ४.परिवार संख्याः

५.कृषकको जम्मा जमिनः ६.खेती गरिएको जमिनः

७.कृषकको प्रकारः क) नयाँ ख) पुरानो

८.व्यवसायको प्रकारः १) सानो मोडेल फार्म २) व्यवसाय उन्मुख मोडेल फार्म

३) व्यावसायिक मोडेल फार्म ४) उद्यमि मोडेल फार्म

९.रोजगारीको अवस्था

खेतीमा संलग्न परिवार संख्या महिलाः पुरुषः समय रोजगार संख्याः

आशिंक रोजगारको संख्याः परिवारका सदस्य बाहेक परिवार संख्याः

१०.हालको व्यावसायिक विवरण

| सि. न. | व्यवसाय बाली पशुपन्छी, अन्य | क्षेत्रफल वा संख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | संचालनमा आएको मिति | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

जम्मा वार्षिक लगानी रु. अनुदानबाट प्राप्त रकम रु.

सरदर वार्षिक आम्दानी रु. सरदर वार्षिक पारिवारिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशतः व्यवसाय संचालनको वर्षः

आगामी योजनाहरु........

१.

२.

आज्ञाले,
पिताम्बर सारु
प्रमुख प्रशासकीय अधिकृत